

# थप जानकारी

यदि तपाई ५०–७४ वर्ष उमेरको हुनुहुन्छ भने तपाईंको सामाग्री हुलाक मार्फत प्राप्त गर्नुहोस् ।

कार्यक्रमको बारेमा थप जानकारीको लागि र तपाइँको सामाग्री कहिले प्राप्त गर्ने थाहा पाउन **www.cancerscreening.gov.au** मा जानुहोस् वा १८०० ११८ ८६८ मा फोन गर्नंहोस् ।



# सामान्य आन्द्राको परीक्षणले तपाईंको जीवन सुरक्षित गर्दछ ।



५०–७४ वर्ष सम्मका लागि हुलाक मार्फत पठाईएको घर परीक्षण सामाग्री निःशुल्क पाइन्छ, यसलाई सरल तरिकाबाट प्रयोग गर्न र आन्द्रामा हुने अर्बुध रोगको प्रारम्भिक लक्षण पत्ता लगाउन सकिन्छ ।

Interpreter

**तपाईंको भाषामा जानकारीको लागि,**
अनुवादन तथा दोभाषिक सेवाः १३ १४ ५० फोन वा
www.cancerscreening.gov.au/translations
मा जानुहोस्

**www.cancerscreening.gov.au**

Australian Government

NATIONAL BOWEL CANCER SCREENING PROGRAM

# आन्द्रामा हुने अर्बुध रोगको राष्ट्रिय जाँच कार्यक्रम

**सामान्य परीक्षणले तपाईंको जीवन बचाउन सक्छ। तपाईंले सोचेको भन्दा यो सजिलो छ – १० लाख अष्ट्रेलियालीले हरेक वर्ष जाँच गर्ने गर्दछन्।**

तपाईंको आन्द्रामा हुने अर्बुध रोग बढ्ने जोखिम ५० बर्षदेखि बढि हुन्छ र कहिलेकाहीँ लक्षणहरू देखिदैनन्।

त्यसैले ५० देखि ७४ वर्षका वृद्ध उमेरहरुको घरमा प्रारम्भिक परीक्षण गर्नको लागि हुलाक मार्फत पठाइनेछ। यो परीक्षणमा तपाईंको दिसामा रगतको सानो मात्राको जाँच गरिन्छ र यसले रोगको शुरुआती संकेत पत्ता लगाउन सक्दछ।

त्यसैले तपाईंको दिसाको शक्तिलाई कम नठान्नुहोस्, यसले तपाईंको जीवन बचाउन सक्दछ।

## परीक्षण गर्नुहोस्। तपाईंले आफ्नो हितमा पाउनुहुन्छ।



**९०%**

**आन्द्रामा हुने अर्बुध रोग शुरुवातमै थाहा भएमा सफलतापूर्वक उपचार गर्न सकिन्छ।**

## परीक्षण किन गर्ने?

अष्ट्रेलियामा आन्द्रामा हुने अर्बुध रोगको दर विश्वकै उच्चतम रहेको छ – प्रत्येक वर्ष लगभग १७,००० मानिसहरूमा आन्द्रामा हुने अर्बुध रोग हुने गर्दछ।

सामान्य परीक्षणले तपाईंको लामो, स्वस्थ जीवनको मौका सुधार्न सक्दछ। यो छिटो, सफा र सजिलो छ यसमा दिसाको दुई साना नमूनाहरु संकलन गर्नँहोस्, तिनीहरूलाई पोस्ट गर्नुहोस् र तपाईंको कार्य सकियो।

## कसले परीक्षण गर्नु पर्दछ ?

पुरुष र महिला दुवै आन्द्रामा हुने अर्बुध रोगको जोखिममा पर्दछन्। प्रारम्भिक र नियमित रूपमा परीक्षण गर्नाले तपाईंको जोखिम कम गर्न सकिनेछ।

चिकित्सकहरूको सिफारिस अनुसार ५०–७४ वर्षको उमेरकाहरुमा कुनै पनि लक्षण नदेखिएता पनि प्रत्येक दुई वर्षमा आन्द्राको परिवर्तनहरू पत्ता लगाउन मद्दत गरी उनीहरुको उपचार गर्न सजिलो हुन्छ।

आन्द्रामा हुने अर्बुध रोगले वृद्ध मानिसहरूलाई मात्र असर पार्दैन – ५० वर्षदेखि माथि तपाईंमा आन्द्रामा हुने अर्बुध रोगका खतरा बढ्दै जान्छ।

## परीक्षणले के के हेरिन्छ?

तपाईंको दिसामा रगतको सानो मात्राको परीक्षण जाँच गर्दछ। आन्द्रामा हुने अर्बुध रोग वा पोलिप्स (सानो गाँठा) आन्द्राको तहमा बढ्न सक्छ। यसको वृद्धिबाट रगतको सानो मात्राको चुहावट हुनसक्छ र दिसामा देखिन सकिन्छ। सबै पोलिप्सहरू अर्बुध रोगमा परिणत हुदैन। पोलिप्सहरु हटाउँदा तपाईंको आन्द्रामा हुने अर्बुध रोगको खतरा कम हुन्छ।

## लक्षणहरु

आन्द्रामा हुने अर्बुध रोग बिना कुनै लक्षणहरू नै विकास हुन सक्दछ। त्यसैले प्रत्येक दुई वर्षमा नि:शुल्क परीक्षण गर्न महत्त्वपूर्ण छ। लक्षणहरू समावेश गर्न सकिन्छ:

- तपाईंको दिसामा वा शौचालय कचौरामा रगत देखिएमा
- तपाईंको शौचालयको आदतमा भर्खरै र निरन्तर परिवर्तन जस्तै पखला, कडा कब्जियत र / वा यदि तपाईंलाई सामान्य भन्दा बढी दिसा भयो भने
- अस्पष्ट थकान वा तौल घट्नु
- पेट दुखाई।

यदि तपाइँ यी कुनै लक्षणहरू देख्नुहुन्छ भने, त्यसको मतलब हैन कि तपाईंलाई आन्द्रामा हुने अर्बुध रोग भएको छ, तर यो धेरै महत्त्वपूर्ण छ कि तपाई जति सक्दो चाँडै नै तपाइँको चिकित्सकसँग कुरा गर्नँहोस्।

आन्द्रामा हुने अर्बुध रोगले ५० भन्दा कम व्यक्तिलाई असर गर्न सक्छ, त्यसैले यो निश्चित गर्नँहोस् कि तपाइँको सबै परिवारका सदस्यहरू र साथीहरूले यी लक्षणहरूको बारेमा थाहा रहोस् र उनीहरू यदि उनीहरूको चिन्तित छन् भने चिकित्सकसँग कुरा गर्न लगाउनुहोस्।